आज मिति २०७९।४।२५ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिमनारायण मान्नधर ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउकार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी तपशिलका निर्णयहरु गरियो ।

तपशिलः

| पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|
| श्री खिमनारायण मान्नधर | गाउँपालिका अध्यक्ष | |
| श्री इन्द्रकुमारी थापा राना | गाउँपालिका उपाध्यक्ष | |
| श्री इन्द्र वहादुर गुरुङ | वडाध्यक्ष वडा नं. १ | |
| श्री चित्र वहादुर थापा | वडाध्यक्ष वडा नं. २ | |
| श्री ओम प्रकाश सिग्देल | वडाध्यक्ष वडा नं ३ | |
| श्री सन्त वहादुर थापा | वडाध्यक्ष वडा नं ४ | |
| श्री निर्मल लम्साल | वडाध्यक्ष वडा नं ५ | |
| श्री दिल वहादुर राना | वडाध्यक्ष वडा नं ६ | |
| श्री भरत थापा | वडाध्यक्ष वडा नं ७ | |
| श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| श्री इन्द्र कुमारी थापा | कार्यपालिका सदस्य | |
| श्री बुद्धिमाया वि.क. | कार्यपालिका सदस्य | |
| श्री धनमाया राना | कार्यपालिका सदस्य | |
| श्री अमृत भुजेल | कार्यपालिका सदस्य | |
| श्री डोल वहादुर नेपली | कार्यपालिका सदस्य | |
| श्री पर्शुराम उपाध्याय | सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

सहयोगी कर्मचारीहरुः

| | | |
|---|---|---|
| विद्या सिग्देल | ले.-अ. | |
| लालचन गैह्रे | लेखापाल | |
| टोल वहादुर थापा | ना.सु.० | |

निर्णय नं १ यस गाउँपालिका अन्तरगत आ.व. २०७७।०७८ देखि महिमा मा.वि. मा कक्षा ९ देखि प्राविधिक धारका कक्षा संचालन गर्न शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट अनुदान छनौट परेकोले उक्त विद्यालयबाट कक्षा संचालनका लागी अनुरोध भइ आएकोले कक्षा ९ देखि कक्षा १२ सम्म प्राविधिक धार अन्तरगत कृषि विषय अध्यापन गराउनका लागी अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. २ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराको मिति २०७९।३।२७ गतेको पत्रबाट लेखि आएनुसार यस कार्यालयबाट तत्काल कार्यालय संचालनका लागि छिटो छरितो काम गरी कार्यालयको दैनिक प्रशासन संचालन गर्नका लागी उपभोक्ता समितिबाट कार्य गराएको तत् पश्चात जटिल र रु ७० लाख बढीका योजनाहरु बोलपत्रको माध्यमबाट कार्यभइ आएको हुँदा अख्तियार बाट लेखि आएनुसार कार्य भएकोले आगामी आ.व.हरुमा पनि अख्तियारबाट लेखि आएनुसार कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ संघिय सरकारबाट हस्तान्तरिक कार्यक्रम अन्तरगत नविकरणिय उर्जा प्रविधि जडान (बायोग्यास/ विघुतिय चुल्यो/ सुधारिएको चुल्यो/ सौर्य उर्जा ) तर्फ आठलाख रुपैया विनियोजन भइ आएकोमा सो रकम मध्येबाट सुधारिएको चुल्योमा चार लाख र यसै कार्यालय अन्तरगत वार्ड नं. ७ मा विघुत लाइनको सुविधा न्यून रहेको र इन्टरनेट सुविधा सूचारु नहुने भएकोले ७ नं. वार्ड कार्यालयमा सौर्य उर्जा तर्फ चारलाख रुपैया बाडफाड गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ४ यस गाउँपालिकामा गाउँपालिका स्तरिय र वडा स्तरिय अनुगमन समिति देहाय अनुसार गठन गर्ने निर्णय गरियो ।

क- गाउँपालिका स्तरिय:संयोजक: इन्द्रकुमारी थापा राना उपाध्यक्ष
सदस्य ओमप्रकाश सिग्देल वडाध्यक्ष
सदस्य: उजेली नेपाली कार्यपालिका सदस्य
सदस्य: मनोज शर्मा वाग्ले इन्जिनियर
सदस्य सचिव: महेश्वर अर्याल योजना अधिकृत

ख वडास्तरिय: संयोजक: सम्वन्धित वार्डको वडाध्यक्ष
सदस्य: सम्वन्धित वार्डका निर्वाचित सदस्यहरु
सदस्य: सम्वन्धित वार्डमा कार्यरत प्राविधिक कर्मचारी
सदस्य सचिव: सम्वन्धित वार्डको सचिव

निर्णय नं. ५ आ.व. २०७८।०७९ मा यस हरिनास गाउँपालिकाबाट विषयगत शाखाहरु (स्वास्थ्य शिक्षा, योजना कृषि तथा पशु, रोजगार , महिला तथा वालवालिका ) ले सम्पादन भएका कार्यहरुको समिक्षा गर्दा कार्यालयको कार्यमा सहज ल्याउने जनप्रतिनिधि, राजनैतिक दलका प्रतिनिधिहरु एवं कर्मचारीहरुलाइ धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो । साथै गत आ.व. को विषयगत समिक्षा कार्यक्रम मा सुधार गर्नु पर्ने कुराहरुलाइ क्रमश सुधार गर्ने निर्णय समेत गरियो ।

निर्णय नं. ६ मृगौला प्रत्यारोपण गरेका डायलाइसिस गरिरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीहरुलाइ औषधि उपचार बापत खर्च उपलव्ध गरउने सम्वन्धि कार्यविधि २०७८ बमोजिम बिरामीहरुलाइ उपलव्ध गराउने रकम यस पालिकामा बिनियोजन नभएकोले प्रत्येक वार्डहरुमा उल्लेखित बिरामीहरु के कति रहेका छन सो को अभिलेख वार्ड कार्यालयबाट माग गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा रकम माग गर्नु पर्ने भएकोले छिटो अभिलेख कार्यालयमा पेश गर्न वार्ड कार्यालयहरुलाइ अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ हरिनास गाउँपालिका वार्ड नं. ६ मा स्थापना भएको नागरिक आरोग्य केन्द्र संचालनका लागी र औषधि खरिदका लागि यस पालिकाबाट रकम बिनियोजन भएकोले उक्त केन्द्र संचालनका लागी आवश्यक पर्ने भौतिक सामाग्रीहरु आवश्यकताको आधारमा खरिद गर्ने र हाल औषधि नभएकोले बिनियोजित बजेटबाट औषधि समेत खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ आ.ब. २०७७।०७८ र ०७८।०७९ मा प्रदेश तर्फको समपुर कोषमा दग्दी कुलुङखोला दोभान बडहरभन्ज्याङ किर्हुँ जोडने ग्रामिण सडकका लागि दुइ आ ब मा बोलपत्र प्रकाशन गरी यस हरिनास गाँउपालिका कार्यालय र श्री चम्पेश्वर सिम्रन युरेका जे भी, पराजुली कन्स्ट्रक्सन बिच सम्झौता भइ कार्य प्रारम्भ भएको कोभिड एवं बर्षाको समयमा कार्य तोकिएको मितिमा सम्पन्न हुने अवस्था नभएकोले नियमानुसार म्याद थप गरिएको र उक्त दुवै आ.ब. मा यस पालिकाले पाउनु पर्ने समपुरक कोष तर्फको रकम मागका लागी सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ यस गाउँपालिकामा गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम संचालन निर्देशिका २०७७ बमोजिम आ.ब. २०७९।०८० मा यसै गाउँपालिकाको वार्ड नं. ६ मा संचालन हुने लघु उद्यम बिकास कार्यक्रम प्रभावकारी बनाउन निर्देशिका बमोजिम तपशिल अनुसारको उद्यम विकास समिति गठन गर्ने निर्णय गरियो ।

संयोजकः खिमनारायण मानन्धर अध्यक्ष हरिनास गाउँपालिका कार्यालय
सदस्यः उजेली नेपाली का.पा. सदस्य आर्थि बिकास समिति संयोजक हरिनास गाउँपालिका कार्यालय
सदस्यः पर्शुराम उपाध्याय प्रमुख प्रशासकीय अधिकृत हरिनास गाउँपालिका कार्यालय
सदस्यः दिलवहादुर राना वडाअध्यक्ष वार्ड नं. ६हरिनास गाउँपालिका
सदस्यः गोपाल लम्साल कुमारी बैक लि. हरिनास गाउँपालिका
सदस्य सचिवः महेश्वर अर्याल योजना अधिकृत (कार्यक्रम फोकल पर्सन) हरिनास गाउँपालिका कार्यालय

निर्णय नं. १० अपाङगता भएका व्यक्तिको परिचय पत्र बितरण सम्वन्धि कार्यबिधि २०७५ को दफा ६ शंसोधन गरी देहाय अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।साथै समितिले आवश्यकता देखेमा थप कर्मचारीलाइ आमन्त्रित गर्न सक्ने समेत निर्णय गरियो ।

संयोजकः इन्द्रकुमारी थापा राना उपाध्यक्ष हरिनास गाउँपालिका कार्यालय
सदस्यः सन्तवहादुर थापा वडाध्यक्ष वार्ड नं. ४ हरिनास गाउँपालिका
सदस्यः बिदुर सिग्देल स्वास्थ्य संयोजक हरिनास गाउँपालिका कार्यालय
सदस्यः डेनि थापा बरिष्ठ प्रहरी हवल्दार (प्रहरी चौकी प्रमुख) हरिनास गाउँपालिका
सदस्य सचिवः सुकुमाया थापा सहायक चौथो हरिनास गाउँपालिका कार्यालय

निर्णय नं. ११ यस हरिनास गाउँपालिका भित्र कृषि क्षेत्र बर्गिकरण गर्ने सम्वन्धमा यस पालिका भित्र रहेका सडक मार्गको दाँया बाँया ५० / ५० मिटर भित्र गैर कृषि क्षेत्र र अन्य स्थानमा कृषि क्षेत्र बर्गिकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ यस कार्यालय र अन्तरगत वार्ड कार्यालयहरुका लागी आवश्यक पर्ने कम्प्युटर, फोटोकपी मेसीन, रंगिन प्रिन्टर लगायतका सामाग्री र नयाँ बनेका वार्ड कार्यालयहरुका लागि पर्दा कार्पेट र आवश्यकतानुसारका फर्निचर सामाग्रीहरु खरिद गर्ने निर्णय गरियो

निर्णय नं. १३ यस आ.ब. मा यस हरिनास गाँउपालिकाको O$M सर्भे र मध्यकालिन खर्च संरचना निर्माण गर्नु पर्ने भएकोले दुवै कार्यका लागी पूजिगत परामर्श सेवा तथा डिपिआर शिर्षकबाट चौधलाख बराबरको रकमबाट कार्य सम्पन्न गर्ने सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम सूचना प्रकाशन गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. १४ यस आ.व. मा नेपाल सरकारले कर्मचारीहरुको तलब भत्तामा १५% बृद्धि गरेकोमा यस कार्यालय अन्तर्गत कार्यरत सबै सेवा समुहका कर्मचारीको खाईपाई आएको तलब भत्तामा श्रावण १ देखि लागु हुने गरी १५% बृद्धि गरी करार सम्झौता गर्ने निर्णय गरियो ।